# महिला सशक्तीकरणमा समूहको भूमिका

**(मौला कास्कीकोट,पोखरा–२४, कास्की जिल्लाको समाजशास्त्रीय अध्ययन)**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्काय, समाजशास्त्र तथा
ग्रामीण विकास विभागमा समाजशास्त्र विषयको स्नातकोत्तर तह
दोस्रो वर्षको प्रयोजनको लागि तयार पारिएको

## शोधपत्र


**प्रस्तुतकर्ता**

सुमन बयलकोटी

रोल न. : ४०/०७२

परीक्षा रोल न. : ४८०४४८

त्रि.वि दर्ता न. : ३–१–४५–३४१–२००३



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजिकशास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्काय, समाजशास्त्र तथा ग्रामीण विकास विभाग पृथ्वीनारायण क्याम्पस अर्न्तगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्त गर्न दोस्रो वर्षको प्रयोजनको लागि समाजशास्त्र विषयका छात्र सुमन बयलकोटीले "**महिला सशक्तीकरणमा समूहको भूमिका (मौला कास्कीकोट, पोखरा-२४, कास्की जिल्लाको समाजशास्त्रीय अध्ययन)**" विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन तथा सुपरीवेक्षणमा तयार पार्नुभएको हो । प्राप्त सोधपत्रमा सन्तुष्टि प्रकट गदै मूल्याङ्कनको लागि समाजशास्त्र तथा ग्रामीण विकास विभाग अन्तर्गत शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

....................

शोध निर्देशक

श्री तेज प्रसाद सुवेदी

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

मिति :

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्काय, समाजशास्त्र तथा ग्रामीण विकास विभाग पृथ्वीनारायण क्याम्पस अर्न्तगत समाजशास्त्र तर्फको छात्र सुमन बयलकोटीले तयार गरेको "**महिला सशक्तीकरणमा समूहको भूमिका** (**मौला कास्कीकोट, पोखरा-२४, कास्की जिल्लाको समाजशास्त्रीय अध्ययन**)**"** नामक यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...........................

श्री तेजप्रसाद सुवेदी

शोध निर्देशक

........................

श्री शान्ति भुषाल

बाह्य परीक्षक

.......................................

प्रा.डा. विश्व कल्याण पराजुली

विभागीय प्रमुख

मिति :

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस मानविकी तथा समाजिकशास्त्र सङ्काय, समाजशास्त्र तथा ग्रामीण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि दोस्रो वर्षको आवश्यकता परिपूर्तिको लागि महिला सशक्तीकरणमा समूहको भूमिका शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । पोखरा– २४, कास्कीकोटको मौलामा रहेका समूहको क्रियाकलापमा आधारित रहेर यो समाजशास्त्रीय अध्ययन गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा आवश्यक समय प्रदान गर्दै अध्ययनको लागि राय सुझाव तथा हौसला प्रदान गर्नुहुने शोध निर्देशक श्री तेजप्रसाद सुवेदीज्यू प्रति विशेष कृतज्ञता प्रकट गर्दछु । विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कार्यक्षेत्रमा तथ्याङ्क सङ्कलनको क्रममा सहयोग गर्नुहुने एकता दिदीबहिनी समूह, छिमेकी समूह र ओम शान्ति समूहका हरेक सदस्यहरू धन्यवादको पात्र हुनुहुन्छ । द्वितीय तथ्याङ्क उपलब्ध गराउने पोखरा महानगरपालिका, वडा न २४ को कार्यालयप्रति आभारी छु । कार्यक्षेत्रमा रहँदा हरेक प्रकारले सहयोग गर्नुहुने श्री गीता नेपाली, श्री माया नेपाली र श्री सविता परियार प्रति धन्यवादी छु । सोध प्रस्ताव लेखनदेखि नै हौसला दिनुहुने मित्र नवराज परियार र आफूले शिक्षा लिन नपाए पनि पढ्नको लागि उत्प्रेरणा दिनुहुने आमा बुवा, परिवारका अन्य सदस्यहरू साथै प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सबै महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु ।

..............................

**शोधकर्ता**

सुमन बयलकोटी

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | ii |
| स्वीकृति पत्र | | iii |
| कृतज्ञता ज्ञापन | | iv |
| विषय सूची | | v |
| तालिका सूची | | viii |
| चित्र सूची | | ix |
| शोध सार | | x |
| **अध्याय एक : परिचय** | | **१-४** |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको महत्व | ३ |
| १.५ | अध्ययनका सीमाहरू | ४ |
| १.६ | अध्ययनको साङ्गठनिक ढाँचा | ४ |
| **अध्याय दुई : सर्न्दभ साहित्य पुनरावलोकन** | | **५-११** |
| २.१ | सशक्तीकरण सम्बन्धमा अवधारणात्मक सिंहावलोकन | ५ |
| २.२ | सैद्धान्तिक समीक्षा | ६ |
| | २.१.१ विकासमा महिला अवधारणा | ६ |
| | २.२.२ महिला र विकास अवधारणा | ७ |
| | २.२.३ लैङ्गिकता र विकास | ७ |
| | २.२.४ सशक्तीकरण सिद्धान्त | ७ |
| | २.२.५ मार्क्सवादी महिलावाद | ८ |
| २.३ | पूर्व साहित्य समीक्षा | ८ |
| २.३ | अवधारणात्मक ढाँचा | ११ |

**अध्याय तीन : अध्ययन विधि** **१२-१६**
३.१ अध्ययन क्षेत्र छनोटको औचित्य १२
३.२ अनुसन्धान ढाँचा १२
३.३ तथ्याङ्कको स्रोत र प्रकृति १२
३.४ समग्रता र नमुना छनोट विधि १३
३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि १३
३.५.१ अर्न्तवार्ता अनुसूची १३
३.५.२ वैयक्तिक अध्ययन १३
३.५.३ अवलोकन १३
३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण १४
**अध्याय चार : अध्ययन क्षेत्रको परिचय र उत्तरदाताको जनसाङ्ख्यिक विवरण** **१५-२०**
४.१ अध्ययन क्षेत्रको परिचय १५
४.२ उमेरको आधारमा उत्तरदाताको विवरण १६
४.३ धर्मगत विवरण १६
४.४ जातजातिगत विवरण १७
४.५ पेशागत विवरण १८
४.६ वैवाहिक अवस्था १९
४.७ शैक्षिक विवरण १९
**अध्याय पाँच : सामाजिक सशक्तीकरणमा समूहको भूमिकाको विश्लेषण** **२१-३६**
५.१ समूहमा सहभागी हुने प्रेरणा २२
५.२ समूहमा सहभागिताको कारण २२
५.३ समूहमा सहभागी हुँदाको फाइदा २३
५.४ समूहमा सहभागिताप्रति पुरुषको धारणा २४
५.५ घरायसी निर्णय प्रक्रियामा सहभागिता २५
५.६ समूहको निर्णय प्रक्रिया २६
५.७ समूहमा हुने छलफलमा सहभागिता २७
५.८ समूहको नेतृत्व छान्ने प्रक्रिया २७
५.९ पारिवारिक हैसियतमा आएको परिवर्तन २८
५.१० न्यायको लागि पहल २९

५.११ कानुनले महिलालाई दिएको अधिकारको जानकारीबारे अभिमत ३०
५.१२ छोरीको शिक्षाको विषयमा सदस्यको धारणा ३१
५.१३ परिवार सञ्चालनको निर्णयमा सहभागिता ३१
५.१४ अन्यायमा परेका महिलालाई न्यायको पहल ३२
५.१५ छोरीहरू अध्ययन गर्ने विद्यालय ३३
५.१६ समूहको बैठकमा सहभागिता ३४
५.१७ समूहले गरेका असल कार्यहरू ३४
५.१८ समूहको विकासको लागि प्राथमिकता दिनुपर्ने क्रियाकलापहरू ३६
**अध्याय छ : आर्थिक सशक्तीकरणमा समूहको भूमिकाको विश्लेषण ३७-४६**
६.१ ऋण परिचालन कार्यक्रम ३७
६.२ बचत सङ्कलन कार्यक्रम ३८
६.३ आर्थिक आम्दानी ३९
६.४ ऋण प्राप्त गर्ने स्रोत ४०
६.५ ऋणको प्रयोग ४१
६.६ आम्दानीमूलक क्रियाकलापमा सहभागिताको अवसर ४३
६.७ जिन्सी (घर जग्गा) सम्पत्तिमा पहुँच ४३
६.८ जिन्सी सम्पत्ति परिचालनको निर्णयमा सहभागिता ४४
६.९ आर्थिक कारोबारको जिम्मेवारी ४५
**अध्याय सात : सारांश, निष्कर्ष र सुझाव ४७-५१**
७.१ अध्ययनको सारांश ४७
७.२ मुख्य प्राप्ति ४७
७.३ निष्कर्ष ५०
७.४ सुझावहरू ५१
सन्दर्भ सामग्री
अनुसूचीहरू
अनुसूची एक : अन्तर्वार्ता अनुसूची
अनुसूची दुई : अध्ययन क्षेत्रको नक्सा
अनुसूची तीन : समूहका सदस्यहरूसँग अन्तर्वार्ता अनुसूची
भराउँदा र अवलोकन गर्दाका तस्विरहरू
अनुसूची चार : समूहले गरेका भौतिक विकासका कार्यहरूको झलक

# तालिका सूची


| तालिका शीर्षक | | पेज नं. |
|---|---|---|
| ४.१ | उमेरको आधारमा समूहमा सदस्यहरूको विवरण | १६ |
| ४.२ | समूहका सदस्यहरूको पेशागत विश्लेषण | १८ |
| ४.३ | वैवाहिक अवस्थाको आधारमा समूहका सदस्यहरूको विवरण | १९ |
| ४.४ | शिक्षाको आधारमा समूहका सदस्यहरूको विवरण | १९ |
| ५.१ | समूहमा सहभागी हुने प्रेरणाको आधारमा सदस्यहरूको संरचना | २२ |
| ५.२ | समूहमा सहभागी हुने कारणको आधारमा सदस्यहरूको विवरण | २३ |
| ५.३ | समूहमा सञ्चालन गरिने क्रियाकलापको निर्णयको आधारमा सदस्यहरूको विवरण | २६ |
| ५.४ | पारिवारिक हैसियतमा आएको परिवर्तनको आधारमा सदस्यहरूको विवरण | २८ |
| ५.५ | न्यायको लागि पहल गर्ने र नगर्ने उत्तरदाताहरूको विवरण | ३० |
| ५.६ | कानुनले महिलालाई दिएको अधिकारको जानकारीबारे अभिमत | ३१ |
| ५.७ | परिवार सञ्चालनको प्रक्रियाको आधारमा उत्तरदाताको अभिमत | ३२ |
| ५.८ | छोरीहरू अध्ययन गर्ने विद्यालयको आधारमा उत्तरदाताको संरचना | ३३ |
| ५.९ | समूहको बैठकमा हुने उपस्थितिको आधारमा उत्तरदाताको संरचना | ३४ |
| ५.१० | समूहले गरेका कार्यहरूमा सदस्यहरूको विश्लेषण | ३५ |
| ६.१ | समूहबाट ऋण लिने र नलिने सदस्यहरूको संरचना | ३८ |
| ६.२ | नगद आम्दानी गर्ने र नगर्ने सदस्यहरूको संरचना | ३९ |
| ६.३ | ऋण प्रयोगको आधारमा सदस्यहरूको संरचना | ४२ |
| ६.४ | आम्दानीमूलक कार्य गर्नको लागि परिवारको सहमतिको आधारमा उत्तरदाताहरू | ४३ |
| ६.५ | जिन्सी सम्पत्तिको पहुँचको आधारमा सदस्यहरूको वर्गीकरण | ४४ |
| ६.६ | जिन्सी सम्पत्ति परिचालनको निर्णयमा सहभागिताको आधारमा उत्तरदाताहरू | ४५ |

# चित्र सूची


| चित्र | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | जातजातिको आधारमा उत्तरदाताको विवरण | १७ |
| ५.१ | समूहमा सहभागी हुनाले भएका फाइदाको आधारमा सदस्यहरूको विवरण | २४ |
| ५.२ | समूहको नेतृत्व छान्ने प्रक्रियागत धारणाको आधारमा सदस्यहरूको विवरण | २७ |
| ५.३ | अन्यायमा परेका महिलाहरूलाई न्यायको पहलको आधारमा उत्तरदाताको संरचना | ३२ |
| ५.४ | उत्तरदाताबाट अपेक्षित क्रियाकलापहरू | ३६ |
| ६.१ | समूहमा मासिक बचत गर्ने र नगर्ने सदस्यहरूको संरचना | ३८ |
| ६.२ | ऋण लिने स्रोतको आधारमा सदस्यहरूको संरचना | ४१ |
| ६.३ | आर्थिक कारोबारको जिम्मेवारीको आधारमा उत्तरदाताहरू | ४५ |

# सोध सार

प्रस्तुत सोधपत्र **"महिला सशक्तीकरणमा समूहको भूमिका"** (**मौला कास्कीकोट, पोखरा-२४, कास्की जिल्लाको समाजशास्त्रीय अध्ययन**) शीर्षकको एक समाजशास्त्रीय अध्ययन हो । सामाजिक, आर्थिक, धार्मिक तथा राजनीतिक रूपमा महिलाहरू पछाडि पारिएका छन् । आर्थिक आम्दानी तथा स्रोत साधनमा उचित पहुँच नहुँदा महिलाको अवस्था कमजोर हुन पुगेको छ । महिला सचेतनामा वृद्धि हुँदै जाँदा महिलाहरू समूहमा सङ्गठित हुँदै र विभिन्न निकायसँग समन्वय गर्दै सशक्तीकरणको अभियानमा जुटेको पाइयो । समूहले सशक्तीकरणको साथै महिलाहरूको समग्र पक्षको विकासको लागि कस्तो भूमिका खेलेको छ ? जस्ता प्रश्नहरूलाई अध्ययनको समस्याको रूपमा लिएर अध्ययन अगाडि बढाइएको छ । अध्ययनको सामान्य उद्देश्यमा महिला सशक्तीकरणमा समूहको भूमिका अध्ययन गर्नुरहेको छ । विशिष्ट उद्देश्यमा समूहमा सञ्चालित क्रियाकलापले महिलाहरूमा आएको सामाजिक तथा आर्थिक परिवर्तनको विश्लेषण गर्नु रहेको छ । कास्कीकोटको मौलामा रहेका एकता दिदीबहिनी समूह, छिमेकी समूह र ओम शान्ति समूहमा रहेका ८६ जना सदस्यहरू उत्तरदाताको रूपमा रहेका छन् । अन्तर्वार्ता अनुसूची, वैयक्तिक अध्ययन तथा अवलोकन तथ्याङ्क सङ्कलनका विधिहरू हुन् । उत्तरदाताहरूलाई समूहमा सहभागी भएपश्चात् पारिवारिक हैसियतमा आएको परिवर्तन, समूहप्रति पुरुषको धारणा, परिवारमा रहेको जायजेथामा महिलाको पहुँच र आम्दानीका स्रोतहरू जस्ता प्रश्नहरू सोधिएका छन् । अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क नै बढी मात्रामा प्रयोग गरिएको छ । अध्ययनमा प्राप्त तथ्याङ्कको विश्लेषणको लागि तालिका, स्तम्भचित्र, वृतचित्रको प्रयोग गर्दै विवरणात्मक र विश्लेषणात्मक विधिको अवलम्बन गरेर निम्न निष्कर्षहरू निकालिएका छन् ।

अध्ययन क्षेत्रमा जातजातिको आधारमा दलित ५३ जना अर्थात् ६१.६३ प्रतिशत, जनजाति १७ जना अर्थात् १९.७८ प्रतिशत र ब्राह्मण क्षेत्री १६ जना अर्थात् १८.६ प्रतिशत रहेको पाइयो । आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका दलित महिलाहरूमा समूहले सञ्चालन गरेको क्रियाकलापहरूको कारण सशक्त हुनको लागि थप ऊर्जा मिलेको पाइयो । अझैपनि कृषि कार्यमा संलग्न महिलाहरू ७४ जना अर्थात् ८६.०४ प्रतिशत रहेको पाइएको छ । समूहमा सहभागी भएपश्चात् महिलाहरू जागिर तथा व्यापारमा संलग्न हुने क्रम

बिस्तारै बढेको छ भने कृषिमा लागेकाहरू पनि निर्वाहमुखी कृषि प्रणालीलाई परिवर्तन गरी नगदेबालीतर्फ उन्मुख भएको पाइयो । महिला विकासको लागि आर्थिक सक्षमता आवश्यक छ भन्ने चेतना समूह मार्फत पाएको कारण महिलाहरू मासिक रूपमा १०० देखि २०० बचत गर्ने गरेका छन्। साथै जागिर तथा व्यापारमा संलग्न भएर रु. १०,००० सम्म मासिक आम्दानी गर्ने ४ जना अर्थात् ४.६५ प्रतिशत छन् । आर्थिक क्षेत्रमा महिला सहभागिता भएमात्र परिवार तथा समाजमा उचित स्थान पाउछन् भन्ने चेतनाको कारण पुरुषहरूमा महिलाको कार्यक्षमतामाथि विश्वास बढेको छ । जसको परिणाम आयमूलक कार्यमा सहभागी हुने विषयमा ६९ जना अर्थात् ८०.२३ प्रतिशत सदस्यको परिवारले सहयोग गर्ने गरेको पाइएको छ । समूहले महिलाहरूमा ल्याएको सकारात्मक परिवर्तनको कारण सदस्यहरूका घरका पुरुषहरू सकारात्मक हुनुको साथै सत प्रतिशत महिला घरायसी निर्णय प्रक्रियामा सहभागी भएको पाइयो । ८४ जना अर्थात् ९७.६८ प्रतिशत उत्तरदाताका अनुसार समूहका सबै क्रियाकलापहरू छलफल गरेर गरेको पाइएको हुँदा समूहमा सञ्चालन गरेको विभिन्न क्षमता विकासका क्रियाकलाप अनुसार सदस्यहरूको क्षमता विकास भएको देखिन्छ । ७७ जना अर्थात् ८९.५३ प्रतिशत सदस्यहरूले समूहको नेतृत्व सहमतिमा छानिन्छ भन्नुले समूहबाट सञ्चालित कार्यक्रमहरूले सदस्यहरूलाई एकतामा रहन उत्प्रेरित गरेको पाइयो । ७० जना अर्थात् ८१.४ प्रतिशत उत्तरदाताको पारिवारिक हैसियतमा सुधार आएको तथ्याङ्कले समूहले सञ्चालन गरेको कार्यक्रमहरूमा सदस्यहरूको सहभागिताले क्षमतामा विकास भएको देखियो । जिन्सी सम्पत्ति श्रीमान्को नाममा ४७ जना अर्थात् ५४.६५ प्रतिशत र महिलाको नाममा २० जना अर्थात् २३.२५ प्रतिशत रहेको तथ्याङ्कले स्रोत साधनमा महिलाको पहुँचमा वृद्धि भएको पाइयो । ५५ जना अर्थात् ६३.९ प्रतिशतले आफैं आर्थिक कारोबार गर्ने गरेको छ भन्ने तथ्याङ्क अनुसार आर्थिक कारोबारमा महिलाहरूको सहभागिता बढेको पाइयो । समूहहरूले विभिन्न निकायसँगको सहकार्यमा सञ्चालित क्रियाकलापहरूबाट महिला सशक्तीकरणमा टेवा पुगेको पाइयो । यो अध्ययन पोखरा महानगरपालिका, वडा न. २४, कास्कीकोटको मौलामा केन्द्रित भएको हुँदा अन्य स्थानको लागि सान्दर्भिक नहुन सक्छ ।